(घ) माथि खण्डहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि स्टोरकीपर र टाइपिष्टहरू पदेन हुने छैनन् ।

२. दफा (१) बमोजिम पदेन काम गर्दा– गराउँदा क्रमानुसार माथिल्लो खण्डमा तोकिएको कर्मचारी उपलब्ध भएसम्म तल्लो खण्डमा परेको कर्मचारीले पदेन काम गर्नेछन ।

३. यस अघि भएको पदेन सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको नियुक्तिसम्बन्धी मिति पौष ५, २०२८ मा नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनालाई खारेज गरिएको छ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले धवलागिरि अंचल अदालत र वाग्लुङ जिल्ला अदालतको संयुक्त भवन एक र न्यायाधीश क्वाटर २ समेत निर्माण गर्नको लागि धवलागिरि अंचल वाग्लुङ जिल्ला आदर्श कालिका गाउँ पन्चायत वडा नं. ८ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व टीकाबहादुर खड्का, दानबहादुर खड्का, दीपनरसिं, चन्द्रनरसिं राजभण्डारी, खड्गबहादुर श्रेष्ठ र झुपी सर्केनी समेतको साँध, पश्चिम लक्ष्मी सर्केनी, मनीलाल सार्की, तेजेन्द्रबहादुर खड्का, दुर्गाबहादुर खड्का, दीपनरसिं, चन्द्रनरसिं राजभण्डारी, एकदत्त शर्मा, कुलबहादुर खत्री र हरिबहादुर श्रेष्ठ समेतको साँध, उत्तर हरिबहादुर श्रेष्ठ, खड्गबहादुर श्रेष्ठ र झुपी सर्केनी समेतको साँध, दक्षिण महेन्द्र मूल बाटोको सिमा भएको यति चारकिल्लाभित्रको जम्मा मालपोत रू. १३।१२ (तेह्र रूपैयाँ बाह्र पैसा) लाग्ने जम्मा माटो मुरी ३१।२।२।२ (एकतीस मुरी दुई पाथी दुई माना दुई मुठी) भएको कित्ता एक ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।